शुद्धोधन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्या : २ मितिः-२०८१/०२/२१ (अतिरितांक)

भाग – २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## निःशुल्क पाठ्यपुस्तक व्यवस्थापन मापदण्ड, २०८१

**सम्बत २०८१ को मापदण्ड नं. २ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/२१**

## निःशुल्क पाठ्यपुस्तक व्यवस्थापन मापदण्ड, २०८१

शुद्धोधन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरुमा आधारभूत तहमा अध्ययनरत विद्याथीहरुलाई स्थानीय विषयको पाठ्यपुस्तक **हाम्रो शुद्धोधन** व्यवस्थापन गर्न वाञ्छनिय भएकोले शुद्धोधन गाउँकार्यपालिकाले यो मापदण्ड स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस मापदण्डको नाम निःशुल्क पाठ्यपुस्तक व्यवस्थापन मापदण्ड २०८१ रहेको छ ।

(२)यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण भएको मितिदेखि शुद्धोधन गाउँपालिकामा लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) **अध्यक्ष** भन्नाले शुद्धोधन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले शुद्धोधन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ग) **शाखा प्रमुख** भन्नाले शुद्धोधन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख कर्मचारी सम्झनु पर्दछ ।

(घ) **विद्यालय** भन्नाले शुद्धोधन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयलाई सम्झनु पर्दछ ।

(ङ) **प्रधानाध्यापक** भन्नाले शुद्धोधन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

(च) **इकाई** भन्नाले शुद्धोधन गाउँपालिकाको खरिद इकाइलाई सम्झनु पर्दछ ।

(छ) **पाठ्यपुस्तक** भन्नाले स्थानीय विषयको कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तक सम्झनु पर्दछ

(ज) समिति भन्नाले दफा ३ को उपदफा (५) बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

**३. निःशुल्क पाठ्यपुस्तक वितरण सम्वन्धी व्यवस्था :**

(१). गाउँपालिकाले प्रत्येक वर्ष स्थानीय विषयको पाठ्यपुस्तक **हाम्रो शुद्धोधन** छपाई गरी विद्यालयमा अध्यापनरत कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुलाई निःशुल्क वितरण गर्नेछ ।

(२) गाउँपालिकाले पाठ्यपुस्तक छपाइ एवं वितरण गर्नको लागि हरेक वर्ष आवश्यक वजेट व्यवस्थापन गर्नेछ ।

(३). विद्यार्थी संख्या अनुसार हरेक वर्ष फाल्गुण महिनामा पाठ्यपुस्तक छपाई गरिनेछ ।तर पाठ्यपुस्तक लागु हुने पहिलो आ. व. २०८०/०८१ लागि भने आषाढ मसान्त भित्र छपाई गरी वितरण गर्न सकिनेछ ।

(५) निःशुल्क पाठ्यपुस्तक व्यवस्थापनका लागि देहाय वमोजिम एक पाठ्यपुस्तक .व्यवस्थापन समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख)प्रधानाध्यपकहरु मध्ये गाउँ शिक्षा समितिबाट मनोनित दुईजना सदस्य

(ग)शाखा प्रमुख सदस्य

(घ) प्राबिधिक सहायक शिक्षा युवा तथा खेलकुद शाखा सदस्य सचिव

**४. संसोधन तथा परिमार्जन**

यस मापदण्डलाई आवश्यकता अनुसार संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- २०८१/०२/२१

आज्ञाले

विष्णु बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत